| 5 | Sunkhani | 52 | 12 | 64 | 1 | 0 | 1 | 51 | 12 | 63 | 98.08 | 100.00 | 98.44 |
| 6 | Likhu | 61 | 7 | 68 | 0 | 0 | 0 | 61 | 7 | 68 | 100.00 | 100.00 | 100.00 |
| 7 | Shikharbesi | 25 | 1 | 26 | 0 | 0 | 0 | 25 | 1 | 26 | 100.00 | 100.00 | 100.00 |
| 8 | Routbesi | 50 | 1 | 51 | 1 | 0 | 1 | 49 | 1 | 50 | 98.00 | 100.00 | 98.04 |
| 9 | Thaprek | 61 | 13 | 74 | 2 | 0 | 2 | 59 | 13 | 72 | 96.72 | 100.00 | 97.30 |
| 10 | Narja | 69 | 9 | 78 | 1 | 0 | 1 | 68 | 9 | 77 | 98.55 | 100.00 | 98.72 |
| 11 | Halde | 59 | 11 | 70 | 6 | 0 | 6 | 53 | 11 | 64 | 89.83 | 100.00 | 91.43 |
| 12 | Gerkhu | 63 | 16 | 79 | 2 | 0 | 2 | 61 | 16 | 77 | 96.83 | 100.00 | 97.47 |
| 13 | Trishuli | 59 | 33 | 92 | 0 | 1 | 1 | 59 | 32 | 91 | 100.00 | 96.97 | 98.91 |
| 14 | Charghare | 62 | 13 | 75 | 1 | 0 | 1 | 61 | 13 | 74 | 98.39 | 100.00 | 98.67 |
| 15 | Budhasing | 62 | 10 | 72 | 1 | 0 | 1 | 61 | 10 | 71 | 98.39 | 100.00 | 98.61 |
| 16 | Samari | 48 | 13 | 61 | 0 | 0 | 0 | 48 | 13 | 61 | 100.00 | 100.00 | 100.00 |
| 17 | Phikuri | 67 | 17 | 84 | 0 | 1 | 1 | 67 | 16 | 83 | 100.00 | 94.12 | 98.81 |
| | District | 976 | 191 | 1167 | 1 | 1 | 2 | 176 | 39 | 215 | 18.0328 | 20.4188 | 18.4233 |

तालिका नं.२.१९ मा जिल्लाका प्राथमिक विद्यालयमा अध्यापनरत शिक्षकहरुको शैक्षिक योग्यता विवरण प्रस्तुत गरिएको छ।

**Source : DEO 2061**

## २.२.८ निम्न माध्यमिक/माध्यमिक शिक्षा (Lower Secondary and Secondary Education)

**Table 2.20: RC wise and grade wise enrolment at lower secondary and secondary levels, 2003/2004**

| S. No. | Resource Centre | Grade VI | | Grade VII | | Grade VIII | | Grades VI-VIII | | Grade IX | | Grade X | | Grades IX-X | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | G | B | G | B | G | B | G | B | G | B | G | B | G | B |
| 1 | Duipipal | 149 | 182 | 112 | 122 | 87 | 110 | 348 | 414 | 91 | 104 | 51 | 79 | 142 | 183 |
| 2 | Chauthe | 153 | 192 | 126 | 122 | 133 | 139 | 412 | 453 | 93 | 117 | 62 | 83 | 155 | 200 |
| 3 | Madanpur | 219 | 263 | 176 | 189 | 130 | 141 | 525 | 593 | 125 | 122 | 82 | 99 | 207 | 221 |
| 4 | Lamagaun | 182 | 186 | 141 | 169 | 151 | 142 | 474 | 497 | 118 | 159 | 65 | 90 | 183 | 249 |
| 5 | Sunkhani | 220 | 204 | 167 | 164 | 156 | 164 | 543 | 532 | 148 | 155 | 131 | 87 | 279 | 242 |
| 6 | Likhu | 126 | 128 | 92 | 99 | 44 | 69 | 262 | 296 | 49 | 59 | 40 | 42 | 89 | 101 |
| 7 | Shikharbesi | 8 | 17 | 11 | 7 | 0 | 0 | 19 | 24 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 8 | Routbesi | 36 | 44 | 17 | 36 | 14 | 29 | 67 | 109 | 5 | 29 | 8 | 14 | 13 | 43 |
| 9 | Thaprek | 168 | 181 | 98 | 148 | 116 | 116 | 382 | 445 | 83 | 86 | 70 | 94 | 153 | 180 |
| 10 | Narja | 129 | 187 | 156 | 141 | 78 | 101 | 363 | 429 | 103 | 102 | 72 | 94 | 175 | 196 |
| 11 | Halde | 178 | 194 | 154 | 135 | 107 | 121 | 439 | 450 | 104 | 96 | 74 | 79 | 178 | 175 |
| 12 | Gerkhu | 208 | 208 | 136 | 177 | 170 | 184 | 514 | 569 | 111 | 164 | 93 | 103 | 204 | 267 |
| 13 | Trishuli | 369 | 374 | 322 | 346 | 279 | 325 | 970 | 1045 | 325 | 311 | 239 | 248 | 564 | 559 |
| 14 | Charghare | 288 | 288 | 218 | 214 | 179 | 172 | 685 | 674 | 164 | 165 | 91 | 100 | 255 | 265 |
| 15 | Budhasing | 209 | 205 | 141 | 154 | 112 | 122 | 462 | 481 | 66 | 93 | 47 | 53 | 113 | 146 |
| 16 | Samari | 178 | 240 | 146 | 194 | 150 | 170 | 474 | 604 | 87 | 127 | 79 | 87 | 166 | 214 |
| 17 | Phikuri | 278 | 254 | 203 | 198 | 192 | 164 | 673 | 616 | 117 | 120 | 75 | 86 | 192 | 206 |
| | District | 3098 | 3347 | 2416 | 2615 | 2098 | 2269 | 7612 | 8231 | 1789 | 2009 | 1279 | 1438 | 3068 | 3447 |

तालिका नं. २.२० मा जिल्लाभित्र नि.मा.वि. तथा मा.वि.मा शैक्षिक सत्र २०६१ मा जम्मा विद्यार्थी भर्ना संख्या उल्लेख गरिएको छ । स्रोतकेन्द्रगतरुपमा नि.मा.वि. तहमा हेर्दा शिखरबेसीमा छात्र २४ र छात्रा १९ गरी जम्मा ४३ जना मात्र भर्ना देखिन्छ भने सबभन्दा बढी त्रिशुली स्रोतकेन्द्रमा छात्र १०४५ र छात्रा ९७० गरी जम्मा २०१५ जना विद्यार्थी अध्ययनरत छन् यसरी समग्र नि.मा.वि.मा जिल्लाको विद्यार्थी भर्ना संख्या छात्रा ७६१२ छात्र ८२३१ गरी जम्मा १५८४३ जना देखिन्छ ।

**Source : DEO 2061**

त्यसैगरी मा.वि. तर्फ स्रोतकेन्द्रगत रुपमा हेर्दा शिखरबेसीमा मा.वि. नै छैन भने राउतबेसीमा छात्रा १३ र छात्र ४३ गरी जम्मा ५६ जना विद्यार्थी भर्ना भएका छन् । त्रिशुली स्रोतकेन्द्रमा भने सबभन्दा बढी छात्रा ५६४ र छात्र ५५९ गरी जम्मा ११२३ जना विद्यार्थी संख्या रहेको छ । यसले के इङ्गित गर्दछ भने सदरमुकाम वरिपरि विद्यार्थीको चाप बढी र दुर्गम तथा सेवा सुविधा नपुगेका क्षेत्रहरुमा विद्यार्थीको चाप कम देखिन्छ । जेहोस् मा.वि. तहमा जिल्लाभित्र छात्रा ३०६८ र छात्र ३४४७ गरी जम्मा ६५१५ जना विद्यार्थी भर्ना संख्या देखिन्छ ।

Table 2.21: RC wise total and age specific (10-12 age group) enrolment and teachers at lower secondary level in Nuwakot district, 2003/2004

| S.No. | R. C. | Teachers | | | Enrolment | | | Age-specific Enrolment | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Female | Male | Total | Girls | Boys | Total | Girls | Boys | Total |
| 1 | Duipipal | 0 | 11 | 11 | 348 | 414 | 762 | 152 | 177 | 329 |
| 2 | Chauthe | 2 | 18 | 20 | 412 | 453 | 865 | 108 | 125 | 233 |
| 3 | Madanpur | 3 | 20 | 23 | 525 | 593 | 1118 | 178 | 195 | 373 |
| 4 | Lamagaun | 2 | 14 | 16 | 474 | 497 | 971 | 298 | 296 | 594 |
| 5 | Sunkhani | 0 | 15 | 15 | 543 | 532 | 1075 | 259 | 277 | 536 |
| 6 | Likhu | 3 | 16 | 19 | 262 | 296 | 558 | 107 | 125 | 232 |
| 7 | Shikharbesi | 0 | 3 | 3 | 19 | 24 | 43 | 8 | 12 | 20 |
| 8 | Routbesi | 0 | 7 | 7 | 67 | 109 | 176 | 26 | 33 | 59 |
| 9 | Thaprek | 2 | 15 | 17 | 382 | 445 | 827 | 148 | 170 | 318 |
| 10 | Narja | 1 | 9 | 10 | 363 | 429 | 792 | 147 | 235 | 382 |
| 11 | Halde | 0 | 14 | 14 | 439 | 450 | 889 | 213 | 288 | 501 |
| 12 | Gerkhu | 1 | 23 | 24 | 514 | 569 | 1083 | 209 | 229 | 438 |
| 13 | Trishuli | 12 | 34 | 46 | 970 | 1045 | 2015 | 352 | 334 | 686 |
| 14 | Charghare | 1 | 30 | 31 | 685 | 674 | 1359 | 310 | 312 | 622 |
| 15 | Budhasing | 2 | 13 | 15 | 462 | 481 | 943 | 152 | 198 | 350 |
| 16 | Samari | 0 | 22 | 22 | 474 | 604 | 1078 | 247 | 357 | 604 |
| 17 | Phikuri | 1 | 18 | 19 | 673 | 616 | 1289 | 227 | 213 | 440 |
| | District | 30 | 282 | 312 | 7612 | 8231 | 15843 | 3141 | 3576 | 6717 |

तालिका २.२१ मा जिल्लाभित्र नि.मा.वि. तहमा रहेका शिक्षक तथा विद्यार्थीको विवरण प्रस्तुत गरिएको छ। नि.मा.वि. तहमा जम्मा ३१२ जना शिक्षक रहेकोमा पुरुष २८२ र महिला ३० जना देखिन्छन्। यसरी हेर्दा महिला शिक्षक संख्या निकै कम छ। यसैगरी जम्मा भर्ना विद्यार्थी संख्या १५८४३ मध्ये छात्र ८२३१ र छात्रा ७६१२ रहेको छ। यसै अन्तर्गत नि.मा.वि. तहमा खास उमेरको भर्ना संख्या भने छात्रा ३१४१ र छात्र तर्फ ३५७६ गरी जम्मा ६७१७ जना देखिन्छन्।

**Source : DEO 2061**

**Table 2.23: RC-wise distribution of total enrolment and age-specific (13-14 age group) enrolment at secondary level (grades IX-X), 2004/05**

| S.No. | R. C. | Teachers, 2004/05 | | | Enrolment, 2004/05 | | | Age specific Enrolment 2004/05 | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Female | Male | Total | Girls | Boys | Total | Girls | Boys | Total |
| 1 | Duipipal | 0 | 7 | 7 | 142 | 183 | 325 | 22 | 25 | 47 |
| 2 | Chauthe | 0 | 9 | 9 | 155 | 200 | 355 | 50 | 62 | 112 |
| 3 | Madanpur | 1 | 13 | 14 | 207 | 221 | 428 | 12 | 12 | 24 |
| 4 | Lamagaun | 0 | 15 | 15 | 183 | 249 | 432 | 51 | 71 | 122 |
| 5 | Sunkhani | 2 | 12 | 14 | 279 | 242 | 521 | 23 | 28 | 51 |
| 6 | Likhu | 0 | 12 | 12 | 89 | 101 | 190 | 54 | 62 | 116 |
| 7 | Shikharbesi | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 8 | Routbesi | 0 | 3 | 3 | 13 | 43 | 56 | 1 | 6 | 7 |
| 9 | Thaprek | 0 | 12 | 12 | 153 | 180 | 333 | 14 | 30 | 44 |
| 10 | Narja | 0 | 13 | 13 | 175 | 196 | 371 | 93 | 82 | 175 |
| 11 | Halde | 4 | 5 | 9 | 178 | 175 | 353 | 80 | 73 | 153 |
| 12 | Gerkhu | 0 | 19 | 19 | 204 | 267 | 471 | 62 | 97 | 159 |
| 13 | Trishuli | 2 | 41 | 43 | 564 | 559 | 1123 | 166 | 173 | 339 |
| 14 | Charghare | 1 | 10 | 11 | 255 | 265 | 520 | 100 | 140 | 240 |
| 15 | Budhasing | 0 | 7 | 7 | 113 | 146 | 259 | 16 | 36 | 52 |
| 16 | Samari | 0 | 17 | 17 | 166 | 214 | 380 | 39 | 35 | 74 |
| 17 | Phikuri | 0 | 16 | 16 | 192 | 206 | 398 | 6 | 13 | 19 |
| | District | 10 | 211 | 221 | 3068 | 3447 | 6515 | 789 | 945 | 1734 |

**Source : DEO 2061**

तालिका २.२३ ले शैक्षिक सत्र २०६१ को तथ्यांक अनुसार मा.वि. तहमा रहेको शिक्षक तथा विद्यार्थी संख्या प्रस्तुत गरेको छ । जस अनुसार माध्यमिक तहको शिक्षक संख्या २२१ मध्ये महिला १० र पुरुष २११ देखिन्छ । माध्यमिक तहमा जम्मा विद्यार्थी भर्ना संख्या ६५१५ मध्ये छात्रा ३०६८ र छात्र ३४४७ रहेको छ । यी मध्ये खास माध्यमिक उमेर समूहमा रहेको विद्यार्थी संख्या भने छात्र ९४५ र छात्रा ७८९ गरी जम्मा १७३४ देखिन्छ ।

## २.३ प्रमुख शैक्षिक कार्यक्रम तथा परियोजनाहरु (Mojar On-going Educational Programs and Projects):

शिक्षा प्राप्त गर्न पाउनु सबै किसिमका बालबालिकाहरुको आधारभूत र नैसर्गिक अधिकार हो भने न्यूनतम्रुपमा प्राथमिक तहसम्मको शिक्षा सबै बालबालिकाहरुलाई अनिवार्यरुपमा दिलाउनु राज्यको दायित्व हो । यिनै यथार्थताहरुलाई मध्यनजर राखी प्राथमिक शिक्षा मात्र होइन माध्यमिक तहसम्मको शिक्षाको पहुँच, गुणात्मकता एवं संस्थागत क्षमताको विकास र विस्तारको लागि श्री ५ को सरकार शिक्षा तथा खेलकुद मन्त्रालयद्वारा तपसिलमा उल्लेखित कार्यक्रम र परियोजनाहरु सञ्चालन भईरहेका छन् ।

**कार्यक्रमहरु**

## १) सबैको लागि शिक्षा कार्यक्रम (Education for All) :

सन् १९९० मा थाइल्याण्डको जोमतीनमा सम्पन्न विश्व शिक्षा सम्मेलनबाट विश्वव्यापी अभियानका रुपमा 'सबैका लागि शिक्षा' भन्ने नारा बोकी यो कार्यक्रम शुरुवात भएको हो । नेपालमा श्री ५ को सरकारले सबैका लागि शिक्षा (२००४-२००९) कार्यक्रमलाई प्राथमिक तहको शिक्षाको मूल दस्तावेजको रु पमा स्वीकार गरी आ.ब.०६१/०६२ देखि कार्यान्वयनमा ल्याएको छ । यो दस्तावेज सबैका लागि शिक्षा सन् २०१५ सम्मका लागि निर्माण गरिएको राष्ट्रिय कार्य योजनामा आधारित पञ्चबर्षीय रणनीतिक कार्यक्रम हो । यसका प्रमुख तीन उद्देश्यहरु रहेका छन् ।

क) प्राथमिक शिक्षामा पहुँच तथा समान्यायीकता सुनिश्चित गर्ने ।

ख) प्राथमिक शिक्षाको गुणस्तर तथा सान्दर्भिकता वृद्धि गर्ने ।

ग) कार्यदक्षता तथा संस्थागत क्षमताको सुधार गर्ने ।

आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम दोस्रो चरणका उपलब्धी र अनुभवलाई सुदृढिकरण गर्दै निर्माण गरिएको यस कार्यक्रमको नीतिगत खाका दशौं योजना (गरिवी न्यूनीकरण रणनीतिक पत्र), राष्ट्रिय प्र ाथमिकतामा आधारित मध्यावधि खर्च संरचना, स्थानीय स्वायत्तशासन ऐन २०५५ र शिक्षा ऐन २०२८ सातौं संशोधनमा आधारित छ ।

शिक्षाको पहुँचमा अभिवृद्धि गर्न, समाहित शिक्षा प्रणालीको अबलम्बनद्वारा सबै उमेर समूहका व्यक्तिहरुको सिकाई आवश्यकता पूरा गर्न र गुणस्तरीय शिक्षाका सबै पक्षहरुमा सुधार ल्याउन विकेन्द्रि करणलाई प्रमुख रणनीतिको रुपमा अंगीकार गरिएको छ । जसमा :-

क) विद्यालयको स्वामित्व र व्यवस्थापनका लागि स्थानीय समुदायको क्षमता सुदृढ गर्ने ।

ख) जि.शि.का., जि.वि.स. तथा गा.वि.स.हरुले नियमित तालिम तथा अनुगमन मार्फत विद्यालय तथा सम्वद्ध समुदायहरुलाई संस्थागत सहायता प्रदान गर्ने ।

ग) विद्यालय सुधार योजना, भौतिक निर्माण तथा मर्मत सम्भारका लागि विद्यालयलाई प्राविधिक सहयोग प्रदान गर्ने ।

घ) खासगरी योजना निर्माण तथा कार्यक्रम कार्यान्वयनमा छात्राहरु तथा महिला वर्गको सहभागितालाई विशेष ध्यानमा राखी विद्यमान लैंगिक असमानता निराकरण गर्ने ।

## २) माध्यमिक शिक्षा सहयोग कार्यक्रम - २००३/२००७ (Secondary Education Support Programme) :

सामुदायिक माध्यमिक विद्यालयको व्यवस्थापन सुदृढ र विस्तार गर्दै प्राथमिक तह पुरा गरेका सबै बालबालिकालाई माध्यमकि तहको शिक्षाको अवसर सुनिश्चित गराउन र गरिवीको रेखामुनि रहेका जनतालाई बढी भन्दा बढी उनीहरुको आवश्यकता पूरा गर्ने अवसर प्रदान गर्न श्री ५ को सरकारले एशियाली विकास बैंक र डेनिडाको सहयोगमा सन् २००३ देखि २००७ सम्मको लागि माध्यमिक शिक्षा सहयोग कार्यक्रम लागू गरेको छ । श्री ५ को सरकारको विद्यमान संस्थाहरुको उपयोग गरी कार्यकारिणी र कार्यक्रम कार्यान्वयन गर्ने निकायको रुपमा शिक्षा विभाग रहने व्यवस्था गरी कार्यक्रम सञ्चालन भइरहेको छ ।

**माध्यमिक शिक्षा सहयोग कार्यक्रमका तीन वटा मध्यावधि उद्देश्यहरु :**

क) गुणस्तर एवम् सान्दर्भिकता

ख) पहुँच र समता

गं) संस्थागत सक्षमता

यी उद्देश्यहरुका आधारमा यस कार्यक्रमले तलका उपलब्धीहरु हासिल गर्ने लक्ष्य राखेको छ ।

➢ **वर्तमान अवस्थालाई सन् २००७ मा पुऱ्याउने उपलब्धी :**

| सूचक | वर्तमान अवस्था | सन् २००७ सम्ममा |
|---|---|---|
| निम्न माध्यमिक तहमा सहजै देखिने भर्नादर | ५५% | ६५% |
| माध्यमिक तहमा सहजै देखिने भर्नादर | ३५% | ५५% |
| दुबै तहमा छात्राहरुको सहभागिता | ४०% | ५०% |

➢ सुविधा विहीन समुदायबाट बालबालिकाहरुको सहभागिता अभिवृद्धि गराउने ।

➢ कक्षा ८ र एस.एल.सी. परीक्षाको उत्तीर्ण प्रतिशत उच्च गराउने ।

## ३) सामुदायिक विद्यालय सहयोग कार्यक्रम २००३ - २००५ (Community School Support Programme - CSSP) :

श्री ५ को सरकारले अङ्गिकार गरेको विकेन्द्रिकरणको अवधारणा बमोजिम शिक्षा ऐन २०२८ (सातौं संशोधन २०५९ समेत) मार्फत सामुदायिक विद्यालयको व्यवस्थापन समितिमा अभिभावकहरुबाट छानिएका प्रतिनिधिहरु रहने प्रावधान राखी समुदायलाई अधिकार सम्पन्न बनाउने व्यवस्था गरिएको छ । यसै पृष्ठभूमिमा विद्यालयको व्यवस्थापनमा समुदायको भूमिका अझै सुदृढ गर्ने र सो मार्फत शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले सार्वजनिक विद्यालयहरुको व्यवस्थापन समुदायबाट नै गर्ने गरी जिम्मा दिने नीति सरकारले अघि सारेको छ । यसै नीति अनुरुप समुदायद्वारा व्यवस्थापन हुने विद्यालय सञ्चालन कार्य निर्देशिका २०५९ जारी गरिसकिएको छ । र सो अनुसार आ.ब. २०५९/०६० देखि नै उल्लेख्य संख्यामा सार्वजनिक विद्यालयहरुलाई समुदायद्वारा व्यवस्थापन गर्ने गरी जिम्मेवारी हस्तान्तरण गर्ने कार्य भईरहेको छ । दशौं योजना अवधिभरमा ८००० सर्वाजनिक विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण गर्ने कार्यक्रम रहेको छ ।

**मुख्य उद्देश्यहरु :**

क) सामुदायिक विद्यालयमा विद्यार्थी एवम् अभिभावकहरुको संलग्नता बढाउनु ।

ख) सामुदायिक विद्यालयमा पहुँच, गुणस्तर एवम् सक्षमता अभिवृद्धि गर्नु ।

ग) सामुदायिक विद्यालयका काम कारवाहीमा पारदर्शिता वृद्धि गर्दै सम्बन्धित सबैको जिम्मेवारी बोध गराउनु ।

**परियोजनाहरु**

**४) शिक्षाको लागि खाद्य कार्यक्रम (सन् २००२ - २००६) :**

विश्वव्यापी शिक्षाका लागि खाद्य कार्यक्रम र मातृ तथा शिशु स्याहार कार्यक्रमहरुलाई समेटी शिक्षाका लागि खाद्य कार्यक्रम परियोजना अधिराज्यका २१ जिल्लामा सञ्चालित छ । विशेष गरी यस कार्यक्रम अन्तर्गत दिवा खाजा कार्यक्रम, छात्रा उत्प्रेरणा कार्यक्रम (वनस्पति तेल वितरण कार्यक्रम), जुका निवारण कार्यक्रम, मातृ तथा शिशु स्वास्थ्य कार्यक्रम र विभिन्न शैक्षिक कार्यक्रमहरु सञ्चालित छन् । यसका तीनवटा उद्देश्यहरु छन् ।

क) विद्यार्थी नियमिततामा निरन्तरता कायम गर्ने,

ख) छात्रछात्राको भर्नादर बढाउने,

ग) अध्ययन क्षमता वृद्धि गराउने

**५) विद्यालय भौतिक सुधार विस्तार आयोजना :**

सन् २०१५ सम्ममा विद्यालय उमेरका सबै बालबालिकाहरुलाई प्राथमिक शिक्षा उपलब्ध गराउने कार्यक्रम अन्तर्गत विद्यालय भौतिक सुधार आयोजना कार्यक्रम सञ्चालन गरिएको छ ।

**६) शिक्षक शिक्षा आयोजना :**

एसियाली विकास बैंकको सहयोगमा दशौं योजनाको अन्त्यसम्ममा प्रा.वि., नि.मा.वि. र मा.वि.का शतप्रतिशत शिक्षकहरुलाई तालिम प्राप्त बनाउने लक्ष्य राखी शैक्षिक जनशक्ति विकास केन्द्र मार्फत यो आयोजना कार्यान्वयन भैरहेको छ ।

## २.४ दशौ पञ्चबर्षिय योजनाका प्राथमिकताहरु, लक्ष्य र रणनीतिहरु (Tenth Plan Prioties Targets Strategies) :

### २.४.१ दशौ योजनाका प्राथमिकता क्षेत्रहरु (Priority Areas in the Tenth Plan):

आधारभूत तथा प्राथमिक शिक्षाको हालको कार्यक्रम २०६०/०६१ मा समाप्त भई अर्को चरणको कार्यक्रम सुरु हुनेछ । निम्न माध्यमिक, माध्यमिक र उच्च माध्यमिक शिक्षालाई समेटी माध्यमिक शिक्षा विकास कार्यक्रमको योजना पहिलो बर्षदेखि नै सुरु हुनेछ । अनौपचारिक शिक्षा कार्यक्रम क्रमशः विस्तार गरिनेछ । प्राविधिक तथा व्यावसायिक शिक्षालाई माध्यमिक तहदेखिकै शिक्षामा समावेश गरी मागको आधारमा सञ्चालन गर्ने र परीक्षणमा रहेका कार्यक्रमहरुको नतिजा हेरी विस्तार गरिनेछ । उच्च शिक्षालाई लागत आपूरणको अवधारणामा विकास गरी पहुँचमा समानता कायम गरिनेछ । यसरी शिक्षामा निम्नानुसारको प्राथमिकताक्रम रहनेछ :

१. आधारभूत तथा प्राथमिक शिक्षा

२. अनौपचारिक शिक्षा

३. माध्यमिक शिक्षा

४. प्राविधिक तथा व्यावसायिक शिक्षा

५. पूर्व प्राथमिक/बाल विकास शिक्षा

६. उच्च माध्यमिक शिक्षा

७. उच्च शिक्षा

## २.४.२ दशौं योजनाका लक्ष्यहरु (Tenth Plan Targets)

### अनौपचारिक शिक्षा

योजनाले निर्धारण गरेको साक्षरता प्रतिशतको लक्ष्य हासिल गर्न १८ लाख ६६ हजार निरक्षर प्रौढहरु विशेषतः महिला दलित, पिछडिएका जनजातिलाई साक्षर बनाउने, ९ लाख ३३ हजार नवसाक्षरतहरुलाई साक्षरोत्तर तहको शिक्षा प्रदान गर्ने र तीमध्ये ९३ हजार ३०० जनालाई सीपमूलक तालिम प्रदान गर्ने । अनौपचारिक प्राथमिक शिक्षातर्फ २ लाख बालबालिकाहरुलाई आधारभूत प्राथमिक शिक्षा प्रदान गर्ने र निरतर शिक्षा परीक्षणका निमित्त २०५ वटा सामुदायिक अध्ययन केन्द्रहरु स्थानीय निकायहरुको जिम्मेवारीमा स्थापना गर्ने ।

### पूर्व प्राथमिक शिक्षा

कक्षा १ मा भर्ना हुने विद्यार्थी मध्ये ४० प्रतिशत बाल विकास केन्द्र (Early Childhood Development) वा पूर्व प्राथमिक (Pre-primary) कक्षाका सहभागीबाट आउने व्यवस्था मिलाउन बाल विकास केन्द्र संख्या १३००० पुऱ्याउने, सबै प्राथमकि विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरुलाई अभिमुखीकरण तालिम दिने, २ लाख ६६ हजार अभिभावकलाई अभिभावक शिक्षा प्रदान गर्ने ।

### प्राथमिक शिक्षा

प्राथमिक तहको खूद भर्नादर ९० प्रतिशत पुऱ्याउने, महिला शिक्षिकाको अनुपात ३० प्रतिशत पुऱ्याउने, प्रति बर्ष ४ लाख ५० हजार बालबालिकाहरुलाई पौष्टिक आहार उपलव्ध गराउने, महिला र पिछडिएका वर्ग (दलित, पिछडिका जनजाति, अपाङ्ग, महिला तथा आर्थिक दृष्टिकोणले पिछडिएका वर्ग) का बालबालिकालाई छात्रवृत्ति दिने ।

### माध्यमिक शिक्षा

कुल भर्ना प्रतिशत निम्न माध्यमिक तहमा ६५ प्रतिशत र माध्यमिक तहमा ४५ प्रतिशत पुऱ्याउने, ५० हजार विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्ने जसमा छात्रा, पिछडिएको जनजाति र दलितले प्राथमिक पाउनेछन् ।

## उच्च माध्यमिक शिक्षा

कक्षा १-१२ सम्मको एकीकृत पाठ्यक्रम विकास गर्ने, हरेक निर्वाचन क्षेत्रमा १/१ वटा पर्ने गरी २०५ वटा सामुदायिक उच्च माध्यमिक विद्यालयको व्यवस्था गरी विज्ञान विषयको पढाई सञ्चालन गर्न प्रोत्साहित गर्ने तथा प्रत्येक जिल्लाको कम्तीमा एउटा उच्च मा.वि.लाई व्यावसायिक विषयको अध्यापन गराउन अभिप्रेरित गर्ने ।

**Table 2.25 : Indicators and targets of the 10th Plan (2004/05 - 07/08)**

| S.No. | Indicator | Tenth Plan Targets |
|---|---|---|
| 1 | GER at ECD/PPE level (per cent) | 32 |
| 2 | % of Grade I students with ECD | 40 |
| 3 | GER at primary level (per cent) | 110 |
| 4 | NER at primary level (per cent) | 90 |
| 5 | Percentage of girls in total enrolment | 47 |
| 6 | % of teachers with required qualification and training | 100 |
| 7 | Percentage of female teachers at primary level | 30 |
| | Literacy rate | |
| 8 | Age group $6^+$ (per cent) | 70 |
| 9 | Adult literacy rate ($15^+$) (per cent) | 63 |
| 10 | GPI of literacy rates | 0.8 |

## २.४.३ रणनीति (Strategies) :

सचेत, सक्षम र सुसूचित नागरिकहरु सामाजिक तथा आर्थिक विकासको आधारशिला हुन् भने शिक्षा यी सबै पक्षहरुको प्रमुख कारक हो । शिक्षाको विकास र अवसर नै सामाजिक असमानता हटाउन सक्ने प्रवल साधन पनि हो । शिक्षित र सीपयुक्त नागरिकबाट जीवनस्तरमा उल्लेख्य उपलब्धि हुने हुँदा यी पक्षहरुलाई मानव विकासको प्रमुख सूचकको रुपमा लिइन्छ । शिक्षामा पनि कम साक्षरता र बेरोजगारी बढिरहेको हाम्रो जस्तो देशमा साक्षरता र प्राविधिक शिक्षामा जोड दिनु आर्थिक विकासको निमित्त बढी प्रभाकवारी हुने मानिन्छ । महिला शिक्षामा जोड दिनाले लैङ्गिक समानता हासिल गर्न मद्दत गर्छ । त्यस्तै देशको द्रुततर विकासको लागि विभिन्न विषयगत क्षेत्रहरुमा नेतृत्व प्रदान गर्न सक्ने जनशक्तिको विकास गर्न उच्च शिक्षाको विकासले मद्दत पुऱ्याउँछ । आधारभूत शिक्षा पुऱ्याउनु पर्ने जनसंख्या ठूलो भएको र तिनीहरु बढी गरिव वर्गहरुमा केन्द्रित भएको हुँदा साक्षरता कार्यक्रम, प्राथमिक शिक्षा, अनौपचारिक तथा प्राविधिक शिक्षालाई उच्च प्राथमिकता दिई योजनाको आर्थिक एवं सामाजिक विकास र गरिवी निवारणको लक्ष्य हासिल गर्नमा महत्वपूर्ण टेवा पुऱ्याउन सकिन्छ भने यस्ता कार्यक्रमहरुलाई पिछडिएका जनजाति एवं समूह विशेषमा लक्षित कार्यक्रमको रुपमा समेत अगाडि बढाइनु आवश्यक छ । यस परिप्रेक्ष्यमा यस क्षेत्रका प्रमुख रणनीतिहरु निम्नानुसार रहेका छन् ।

- **उद्देश्य नं.१ सम्बद्ध रणनीतिहरु**

- अनौपचारिक शिक्षाको कार्यक्रमहरु विस्तार गरी साक्षरता अभिवृद्धि गर्ने र अनौपचारिक शिक्षालाई जीवनोपयोगी बनाउने ।

- **उद्देश्य नं.२ सम्बद्ध रणनीतिहरु**
  - विद्यालय शिक्षाको समग्र व्यवस्थापन स्थानीय तहदेखि नै जनसहभागितामा जोड दिई विकेन्द्रीकरणको अवधारणा अनुरुप सरकारले सहजीकरण, गुणस्तर प्रवर्द्धन, नियमन एवं आवश्यक सेवा, टेवा प्रदान गर्न सक्षम भूमिका खेल्ने ।
  - पूर्व प्राथमिक शिक्षामा जोड दिदै सबैका लागि शिक्षाको राष्ट्रिय प्रतिवद्धता पूरा गर्न गुणस्तरीय प्राथमिक शिक्षाको विस्तार र विकासमा जोड दिने ।

- **उद्देश्य नं.३ सम्बद्ध रणनीतिहरु**
  - सीपयुक्त जनशक्ति उत्पादनका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका कार्यक्रमहरुलाई प्रभावकारी तुल्याई अवसरमा वृद्धि गर्ने ।
  - प्राथमिक तहबाट उत्तीर्ण भएका बढ्दो विद्यार्थी संख्याको लागि माध्यमिक शिक्षामा पहुँच बढाउने र उच्च माध्यमिक स्तरलाई विद्यालय स्तरको पढाईको अन्तिम बिन्दु बनाउने रुपले माध्यमिक शिक्षाको विकास गर्ने ।

- **उद्देश्य नं.४ सम्बद्ध रणनीतिहरु**
  - उच्च शिक्षामा लागत आपूरणको सिद्धान्त अपनाई यसको अवसर, गुणस्तर र विविधीकरणमा जोड दिने ।

- **उद्देश्य नं.५ सम्बद्ध रणनीतिहरु**
  - शिक्षाको सबैस्तरमा गुणस्तर बढाउने र शिक्षक तालिमको उपयुक्त व्यवस्था गर्ने ।

- **उद्देश्य नं.६ सम्बद्ध रणनीतिहरु**
  - शिक्षामा महिला, दलित एवं पिछडिएका वर्गहरुको अवस्थालाई ध्यानमा राखी गुणस्तरीय शिक्षामा उनीहरुको पहुँच बढाउन थप कार्यक्रमहरु सञ्चालन गर्ने ।
  - सबैको लागि शिक्षा पुऱ्याउने विशेष सिकाइ आवश्यकता भएका वर्ग (अपाङ्ग सहित) का लागि विशेष शिक्षाको अवधारणा विकास गर्ने ।

- **उद्देश्य नं.७ सम्बद्ध रणनीतिहरु**
  - स्थानीयस्तरदेखि नै खेलकुद विकासका कार्यक्रममा जोड दिंदै युवाहरुलाई सामुदायिक विकास कार्यक्रममा परिचालन गर्ने ।

## Table 2.25 Indicators and targets of the 10th Plan (2003/04 - 2007/08), Goverment of Nepal

### क्षेत्र/उपक्षेत्र सम्बन्धी दशौं योजनाका मुख्य मुख्य परिमाणात्मक लक्ष्यहरु

| सि.नं. | सूचकहरु | नवौं योजनाको अन्त्यमा* | दशौं योजनाको अन्त्यमा | |
|---|---|---|---|---|
| | | | अपेक्षित वृद्धिमा | सामान्य वृद्धिमा |
| १ | साक्षरता<br>क) साक्षरता दर (६+ बर्ष)<br>ख) साक्षरता दर (१५+ बर्ष)<br>ग) साक्षरता लैङ्गिक समता सूचकहरु (Literacy Gender Parity Indes) | ५५.५*<br>४९.२*<br>०.६ | ७०<br>६३<br>०.८ | ६८<br>६१<br>०.७५ |
| २ | पूर्व प्राथमिक शिक्षा (ECD समेत)<br>क) सहजै देखिने भर्ना दर | १५ | ३२ | ३० |
| ३ | प्राथमिक तह<br>क) पूर्व प्राथमिक शिक्षाबाट कक्षा १ मा भर्ना दर<br>ख) सहजै देखिने भर्ना दर<br>ग) खुद भर्ना दर<br>घ) छात्राको प्रतिशत<br>ङ) तालिम प्राप्त शिक्षक–आंशिक तालिम प्राप्त समेत (प्रतिशतमा)<br>च) महिला शिक्षिका (प्रतिशतमा) | २१<br>११८<br>८२<br>४५<br>५२<br>२६ | ४०<br>११०<br>९०<br>४७<br>१००<br>३० | ३७<br>१११<br>८९<br>४६<br>१००<br>३० |
| ४ | निम्न माध्यमिक तह<br>क) सहजै देखिने भर्ना दर<br>ख) छात्राको प्रतिशत<br>ङ) तालिम प्राप्त शिक्षक–आंशिक तालिम प्राप्त समेत (प्रतिशतमा) | ५८<br>४२ | ६५<br>४५<br>१०० | ६४<br>४४<br>१०० |
| ५ | माध्यमिक तह<br>क) सहजै देखिने भर्ना दर<br>ख) छात्राको प्रतिशत<br>ङ) तालिम प्राप्त शिक्षक–आंशिक तालिम प्राप्त समेत (प्रतिशतमा) | ३७<br>४१ | ४५<br>४५<br>१०० | ४४<br>४३<br>१०० |
| ६ | उच्च माध्यमिक तह<br>क) सहजैदेखिने भर्ना दर (प्रविणता प्रमाणपत्र समेत)<br>ख) उच्चमाध्यमिक विद्यालय संख्या (सरकारीस्तरमा) | | २३<br>२०५ | २२<br>२०५ |
| ७ | प्राविधिक तथा व्यावसायिक शिक्षा<br>क) नियमित तालिम<br>ख) अल्पकालीन तालिम<br>ग) Annex Programme सञ्चालन<br>घ) सीप प्रमाणीकरण | १५<br>- | ७१००<br>२३.५५५<br>७५<br>४००० | |
| ८ | उच्च शिक्षा<br>क) सहजै देखिने भर्ना दर<br>ख) खुला विश्वविद्यालय<br>ग) प्रवीणता प्रमाणपत्र तह विस्थापन | ४.५ | ६<br>१<br>सबै | ५.७५<br>१ |
| ९ | युवा तथा खेलकुद<br>क) सामुदायिक विकासा युवा परिचालन<br>ख) युवा पुनस्थापना<br>ग) युवा तथा खेलकुद विकास केन्द्र<br>घ), ङ) राष्ट्रियस्तरको पुरस्कार | ९२६<br>- | ३०००<br>१०००<br>७०<br>१७५० | २८००<br>८००<br>७०<br>१७५० |

**Source : NPC Tenth Plan Duc.**

# कार्यक्रम तथा अनुमानित बजेट

(रू.करोडमा)

| क्र.सं. | आयोजनाको नाम (केन्द्रीय तथा जिल्लास्तरको) | अपेक्षित वृद्धिदरमा | सामान्य वृद्धिदरमा |
|---|---|---|---|
| | पहिलो प्राथमिकताको कार्यक्रम | | |
| १ | आधारभूत तथा प्राथमिक शिक्षा | ११७८.३४ | १०१०.०१ |
| २ | दलित विद्यार्थी छात्रवृत्ति कार्यक्रम | १३.६४ | ११.६९ |
| ३ | महिला शिक्षा | ८४.३७ | ७२.३२ |
| ४ | शिक्षक शिक्षण आयोजना | ८४.०० | ७२.०० |
| ५ | प्राविधिक शिक्षा विशेष कार्यक्रम/प्राविधिक तथा व्यावसायिक तालिम परिषद् | ४८.३३ | ४१.४३ |
| ६ | प्राथमिक छात्रा छात्रवृत्ति कार्यक्रम | १२.९२ | ११.०८ |
| ७ | अनौपचारिक शिक्षा तथा साक्षरता अभियान | २४.७९ | २१.२५ |
| | जम्मा | १४४६.४० | १२३९.७७ |
| | प्रतिशत | ७६.९४ | ८६.३६ |
| | दोस्रो प्राथमिकताका कार्यक्रम/आयोजनाहरु | | |
| १ | शिशु विकास कार्यक्रम | ०.०० | ०.०० |
| २ | निःशुल्क पाठ्यपुस्तक | ६७.८४ | ३०.२९ |
| ३ | माध्यमकि शिक्षा परिचयोजना | १९०.५९ | ८५.११ |
| ४ | सार्वजनिक विद्यालय गुणस्तर सुधार (कम्प्यूटर शिक्षा समेत) | ०.०० | ०.०० |
| ५ | प्राथमिक विद्यालय पौष्टिक आहार | १६८.६९ | ७५.३३ |
| ६ | जनसंख्या शिक्षा | १.८८ | ०.८४ |
| ७ | उच्च माध्यमिक शिक्षा परियोजना | ०.३२ | ०.१४ |
| ८ | शहिदका छोराछोरी छात्रवृत्ति कार्यक्रम | ०.३२ | ०.१४ |
| | जम्मा | ४२९.६५ | १९१.८७ |
| | प्रतिशत | २२.८५ | १३.३७ |
| | तेस्रो प्राथमिकताका कार्यक्रम/आयोजनाहरु (सम्भावित आयोजनाहरु) | ३.९६ | ३.९६ |
| | प्रतिशत | ०.२१ | ०.२८ |
| १ | विश्वविद्यालय अनुदान आयोग | | |
| २ | त्रिभुवन विश्वविद्यालय | | |
| ३ | महेन्द्र संस्कृत विश्वविद्यालय | | |
| ४ | पूर्वाञ्चल विश्वविद्यालय | | |
| ५ | पोखरा विश्वविद्यालय | | |
| ६ | खुला विश्वविद्यालय | | |

| | | | |
|---|---|---|---|
| ७ | राष्ट्रिय खेलकुद परिषद् | | |
| ८ | खेलकुद विकास कार्यक्रम | | |
| ९ | युवा क्रियाकलाप कार्यक्रम | | |
| १० | रंगशाला निर्माण (पूर्वाञ्चल र सुदूर पश्चिमाञ्चल) | | |
| ११ | बुढानीलकण्ठ स्कुल | | |
| | **कुल जम्मा** | **१८८०.०१** | **१४३५.६०** |

**Source : NPC Tenth Plan Duc.**

## २.५ जिल्ला शिक्षा योजनाको क्षेत्र (Scope and Coverage of the DEP) :

विकेन्द्रित शैक्षिक योजना निर्माण तथा व्यवस्थापनको ढाँचा भित्र रहेर "सबैका लागि शिक्षा" कार्यक्रमको लक्ष्य रणनीतिहरुलाई मध्यनजर गरी आ.ब. २०६१/०६२ देखि २०६५/०६६ सम्म लागू हुने यस जिलाको वर्तमान जिल्ला शिक्षा योजनाले खास गरी आधारभूत तथा प्राथमिक शिक्षाको विकास सम्बन्धी मुद्दाहरुलाई समेट्न प्रयास गरेको छ । मुलतः यस जिल्ला शिक्षा योजना साक्षरता दर प्रारम्भिक बाल विकास कार्यक्रम तथा पूर्व प्राथमिक शिक्षा र प्राथमिक शिक्षाको सुधारमा केन्द्रित रहेको छ । यद्यपी निम्न माध्यमिक र माध्यमिक तहको शैक्षिक मुद्दाहरुलाई समेत यस योजनाभित्र स्थान दिने प्रयास गरिएको छ । वर्तमान जिल्ला शिक्षा योजना निमार्ण Buttom up Apprach का साथै स्रोतकेन्द्र एवं जिल्लास्तरमा सम्पन्न गरिएका परामर्श कार्यक्रमहरुका आधारमा आवश्यक तथ्यांक एवं सूचनाहरु संकलन गरी शैक्षिक विकासका मुद्दा एवं कठिनाई पक्षहरुलाई समेतलाई आधार मानी विभिनन सुधारात्मक कार्यक्रमहरुका आधारमा आवश्यक तथ्यांक एवं सूचनाहरु संकलन गरी शैक्षिक विकासका मुद्दा एवं कठिनाई पक्षहरुलाई समेतलाई आधार मानी विभिन्न सुधारात्मक कार्यक्रम तथा कार्यान्वयन रणनीतिहरु तयार गरिएको ।

यस योजनाको परिच्छेद १ मा जिल्लाको पृष्ठभूमिलाई दर्शाइएको छ भने परिच्छेद २ मा शैक्षिक एचयाषभि को झलक प्रस्तुत गरिएको छ । त्यसैगरी परिच्छेद ३ मा योजना निर्माणको क्रममा अपनाइएका प्रक्रिया प्राथमिक शिक्षा क्षेत्रका उपलव्धी सूचकहरुको विश्लेषण गरिएको छ । यस जिल्लाको आधारभूत तथा प्राथमिक शिक्षा क्षेत्रको विकासका सम्बन्धमा मुल मुद्दाहरु एवं चुनौतीहरुलाई परिच्छेद ५ मा उल्लेख गरिएको छ । परिच्छेद ६ मा आएर विद्यालय उमेरका जनसंख्या र जिल्लास्तरका खास खास योजनाका लक्ष्यहरुलाई प्रक्षेपण सहित प्रस्तुत गरिएको छ । आधारभूत तथा प्राथमिक शिक्षाको विकासमा योजना अवधिभरका लागि अपनाइने विभिन्न रणनीति तथा सुधारात्मक कार्यक्रमहरुको व्याख्या परिच्छेदमा ७ मा गरिएको छ । परिच्छेद ८ मा योजन अवधिभर सञ्चालन गरिने विविधि कार्यक्रमहरुको लक्ष्य निर्धारण गरिएको छ । परिच्छेद ९ मा व्यवथापन ढाँचाको ासथै प्रस्तावित कार्यक्रमहरु कार्यान्वयन गर्ने योजना (Action Plan) प्रस्तुत गरिएको छ । अन्तमा परिच्छेद १० मा जिल्लाका शैक्षिक विकासका विभिन्न शीर्षक एवं उपशीर्षक अन्तर्गत निर्धारण गरिएका भौतिक लक्ष्यहरुलाई तोकिएको नभई बमोजिम बजेटको व्यवस्था गरिएको । अनुमानित आर्थिक लक्ष्य निर्धारण गर्दा योजना अवधिको लागि बार्षिक तथा स्रोतकेन्द्रगत रुपमा बाँडफाँड गरिएको छ ।